गौरीगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(शिक्षा, युवा तथा खेलकुद शाखा)

चौमाला, कैलाली

Website: www.gauriganga mun.gov.np
E-mail: edu.gauriganga mun@gmail.com

पत्र सङ्ख्या: २०८३/०८४
चलानी नं.: ४९२

मिति: २०८३/०६/०१

विषय: ई-हाजिरी र शिक्षक नियमितता सम्बन्धमा।

श्री सामुदायिक विद्यालयहरु, (सबै)
गौरीगङ्गा नगरपालिका, कैलाली।

उपर्युक्त विषयमा यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको विद्युतीय हाजिरी प्रणालीबाट दैनिक ई-हाजिरी अभिलेख हेर्दा केही शिक्षक तथा कर्मचारीहरुको हाजिरी सम्बन्धमा कैफियतहरु देखिन आएकोले सबै विद्यालयहरुले आ-आफ्नो विद्यालयका शिक्षक तथा कर्मचारीहरुको अनिवार्य रुपमा दैनिक ई-हाजिरी, विदा, हाजिरी मिलान र शिक्षक नियमितता सम्बन्धमा दैनिक रुपमा सुधार गर्न गराउन हुन भनि यस कार्यालयको पत्र संख्या २०८२।०८३, च.नं. ३१२६, मिति २०८३।०३।०८ को पत्रमार्फत जानकारी गराउँदा पनि कतिपय विद्यालय र शिक्षक तथा कर्मचारीहरुले उक्त जानकारीको पालना गरेको देखिन नआएकोले सबै विद्यालय र शिक्षक तथा कर्मचारीहरुले नियमित रुपमा दैनिक ई-हाजिरी गर्ने, विद्यालय आउने र जाने समयको पालना अनिवार्य रुपमा गर्न गराउनु हुन अनुरोध छ। साथै नियमित रुपमा दैनिक ई-हाजिरी नगर्ने, आउने र जाने समयको पालना नगर्ने, नियमानुसार विदा स्वीकृत नगराई अनुपस्थित हुने सम्बन्धित शिक्षक तथा कर्मचारीहरुको उक्त दिनको तलब भत्ता कट्टी गरिने बेहोरा समेत जानकारी गरिन्छ।

गणेश जोशी
शिक्षा अधिकृत (सातौं)

बोधार्थ तथा अवगतार्थ:

श्रीमान् नगर प्रमुखज्यू: जानकारीका लागि सादर अनुरोध।

श्रीमान् नगर उपप्रमुखज्यू: जानकारीका लागि सादर अनुरोध।

श्री वडा कार्यालय सबै: जानकारीका लागि अनुरोध।

श्री सूचना प्रविधि उपशाखा: सूचना कार्यालयको वेभसाइट र फेसबुक पेजमा अपलोड गर्नहुन।

श्री सामुदायिक विद्यालयका प्रधानाध्यापकज्यूहरु सबै: आफु र आफ्नो विद्यालयका सबै शिक्षक तथा कर्मचारीहरुलाई नियमित रुपमा दैनिक ई-हाजिरी गर्ने, विद्यालय आउने र जाने समयको पालना अनिवार्य रुपमा गर्न गराउनु हुन।